महालक्ष्मी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
३ प्रदेश, नेपाल
कमलपोखरी, ललितपुर
२०७३

# महालक्ष्मी नगरपालिका आर्थिक प्रशासन नियमावली, २०७४

नगर सभाबाट

पारित मिति

२०७४/३/३१

महालक्ष्मी नगरपालिका नगर सभाबाट पारित भई लागु भएको आर्थिक ऐन २०७४ लाई कार्यान्वयन गर्न वाञ्छनीय भएकोले आर्थिक प्रशासन नियमावली २०७४ जारी गरि लागु गरिएको छ ।

## परिच्छेद १

## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यो नियमावलीको नाम "महालक्ष्मी नगरपालिका आर्थिक प्रशासन नियमावली २०७४ रहेको छ ।

२. यो नियमावली नगर सभाबाट पारित भएपछि लागु हुनेछ ।

२ .परिभाषा : विषय र प्रसङ्गले अर्को अर्थ नलागेमा यस नियमावलीमा :-

(क) ऐन भन्नाले महालक्ष्मी नगरपालिकाको आर्थिक ऐन २०७४ लाई सम्झनु पर्नेछ ।

(ख) "अमानत" भन्नाले महालक्ष्मी नगरपालिका आफैले सिधै सम्पन्न गर्ने निर्माण कार्य कर संकलन गर्ने वा सेवा सम्बन्धि कार्य सम्झनु पर्छ ।

(ग) बोलपत्र भन्नाले प्रचलित नेपाल कानुनले परिभाषित गरेको बोलपत्रलाई जनाउने छ ।

(घ) ठेक्का भन्नाले महालक्ष्मी नगरपालिकाले यस नियमावलीको प्रकृया पुरा गरी बोलपत्र वा शिलबन्दी दरभाउ पत्र वा अन्य कुनै माध्यमबाट आय संकलन गर्ने सम्झौता सम्झनु पर्छ ।

## परिच्छेद २

३. महालक्ष्मी नगरपालिकाको आन्तरिक आय संकलन (ठेक्का बन्दोबस्त वा अमानतबाट)

सम्बन्धी ब्यवस्था

(१).महालक्ष्मी नगरपालिकाले आन्तरिक आय संकलनका लागि ठेक्का बन्दो बस्त एंवम अमानत बाट आन्तरिक आय संकलन गर्नेछ ।

महालक्ष्मी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
३ प्रदेश, नेपाल
२०७३

(क) ऐन र यस नियमावलीका अधिनमा रही नगर सभाले निर्णय गरे बमोजिमको सेवा शुल्क दस्तुर तथा अन्य आन्तरिक आय असुल गर्न महालक्ष्मी नगरपालिकाले एक आर्थिक वर्षको लागि ठेक्का बन्दो बस्त गर्न सक्ने छ ।

(ख) १ (क) को व्यवस्था बमोजिम ठेक्का बन्दोबस्त हुन नसकेमा वा सार्न्दभिकता नरहेमा कार्यपालिकाले न्यूनतम अंक लाई मध्यनजर राखी आवश्यक निर्णय गरी अमानत एवं सम्भौता बाट कर संकलन गर्न सक्निेछ ।

**स्पष्टीकरण :** यस नियमावलीको प्रयोजनको लागि आन्तरिक आय भन्नाले नेपाल सरकारबाट हुने अुनदान, राजस्व बाडँफाडँबाट प्राप्त हुने रकम महालक्ष्मी नगरपालिकाले आफनो क्षेत्रभित्र संकलन गर्ने आय सम्भनु पर्छ ।

(२) उपनियम (१) बमोजिम ठेक्का बन्दोवस्त गर्दा देहायको कार्यविधि अपनाउनु पर्नेछ :-

(क) आगामी आर्थिक वर्षको लागि प्रत्येक आन्तरिक आय श्रोतको उपलब्धता, सम्भावित परिचालन, सो श्रोत परिचालनको व्यवस्थापन तथा लागत र चालु वर्षको ठेक्का अङ्क समेत विचार गरी आन्तरिक आयको प्रक्षेपण गरी न्यूनतम ठेक अङ्क र असुली कार्यतालिका समेत भएको कार्यान्वयन कार्य योजना तयार गर्नु पर्नेछ ।

(ख) खण्ड (क) बमोजिम असूली कार्यतालिका र कार्यान्वयन कार्ययोजना तयार भईसकेपछि ठेक्का बन्दोबस्त गर्नको लागि नगर सभाले निर्धारण गरेको दररेट, ठेक्काका सामान्य तथा विशेष शर्तहरु र सूचनामा उल्लेख गरिने कुराहरु तथा अन्य आवश्यक विवरणहरु समेत समावेश भएको ठेक्का सम्बन्धी कागजात तयार गर्नु पर्नेछ ।

(ग) खण्ड (क) बमोजिमको कार्यान्वयन कार्य योजनाको आधारमा कुनै आन्तरिक आय एकलाख पचास हजार रुपैयाँ भन्दा कम उठ्ने भएमा सोझै वार्ताद्वारा र एक लाख पचास हजार रुपैयाँ भन्दा बढी उठ्ने भएमा बोलपत्र आह्वान गरी सम्भौता गर्नु पर्नेछ । साथै उपदफा १ (क) को अवस्था सृजना भएको अवस्थामा सोझै वार्ता बाट वा अमानता बाट आन्तरिक आय संकलन गर्ने सकिनेछ ।

(घ) खण्ड (ग) बमोजिम बोलपत्र आह्वान गर्दा दश लाख रुपैयाँ सम्म भए स्थानीय स्तरमा नियमित प्रकाशन हुने पत्रिका वा राष्ट्रियस्तरको पत्रिकामा कम्तीमा पन्ध्र दिनको स्याद दिई सूचना प्रकाशन गर्नु पर्नेछ र त्यस्तो सूचना बोलपत्र माग गर्ने स्थानीय निकाय,जिल्ला प्रशासन कार्यालय,मालपोत कार्यालय, कोष तथा लेखा नियन्त्रक कार्यालय, तथा सो जिल्लाको सदरमुकाममा कुनै निर्माण व्यवसायी संस्था भए त्यस्ता संस्थाको कार्यालयमा समेत सवैले देख्ने गरी सार्वजनिक ठाउँमा सूचना टाँस गरी सोको मुचुल्का वा टाँसेको जानकारी प्राप्त

गर्नु पर्नेछ । दश लाख रुपैयाँ भन्दा बढी भएमा कम्तीमा तीस दिनको म्याद दिई राष्ट्रियस्तरको दैनिक पत्रिकामा सूचना प्रकाशन गर्नु पर्नेछ ।

(ङ) खण्ड (घ) बमोजिमको सूचनामा देहायका कुराहरु खुलाउनु पर्नेछ :-

(१) साबिकमा ठेक्का लागि आएको भए कति रकम र के शर्तमा ठेक्का लागेको हो सो कुरा,

(२) ठेक्काका मुख्य मुख्य शर्तहरु,

(३) श्रोतगत र स्थानगत विवरण र उठाउनु पर्ने आन्तरिक आयको सम्भावित परिमाण,

(४) ठेक्का सम्झौता बमोजिमको रकम एकमुष्ट बुझाँउदा छुट दिईने भए सो कुरा,

(५) बोलपत्र फारम प्राप्त हुने स्थान (स्थान खुलाउँदा सम्बन्धित महालक्ष्मी नगरपालिकाको निर्णयले एकभन्दा बढी स्थानीय तह र जिल्ला प्रशासन कार्यालय, र कोष तथा लेखा नियन्त्रक कार्यालय समेतलाई समावेश गर्न सकिने वा इन्टरनेटबाट डाउनलोड गरी फाराम प्राप्त गर्न सकिने व्यवस्था समेत मिलाउन सकिनेछ । यसरी इन्टरनेटबाट डाउनलोड गरिएको बोलपत्र दाखिला गर्दा उक्त सूचना बमोजिम लाग्ने रकम बुझाउनु पर्नेछ)।

(६) बोलपत्र पठाउनु पर्ने तरिका,

(७) बोलपत्र पठाउनु पर्ने कार्यालय वा अधिकारीको नाम (कार्यालय वा अधिकारीको नाम खुलाउँदा सम्बन्धित महालक्ष्मी नगरपालिकाको निर्णयले एकभन्दा बढी महालक्ष्मी नगरपालिका र जिल्ला प्रशासन कार्यालय, र कोष तथा लेखा नियन्त्रक कार्यालय समेतलाई समावेश गर्न सकिनेछ)।

(८) बोलपत्र बापत लाग्ने मूल्य,

(९) बोलपत्र दाखिला हुनुपर्ने अन्तिम मिति र समय, तथा बोलपत्र खोलिने समय, मिति र स्थान,

(१०) बोलपत्र उपर निर्णय हुने मिति,

(११) जमानत बापत राख्नु पर्ने रकम वा बैङ्क ग्यारेन्टीको किसिम र मान्य अवधि,

(१२) अन्य आवश्यक कुराहरु ।

(छ) प्रकाशन सूचनाको म्यादभित्र पर्न आएका बोलपत्रहरुको दर्ता, खोल्ने कार्यविधि, विदेशी बोलपत्रदाताले बोलपत्र दिंदा खुलाउनु पर्ने कुरा, स्थानीय एजेन्ट भएका विदेशी बोलपत्रदाताको सम्बन्धमा हुने कारवाही, बोलपत्रदाताको एजेन्टले पेश गर्नुपर्ने विवरण तथा अन्य कार्यविधि यसै नियमावलीमा उल्लेख भए बमोजिम हुनेछ ।

(ज) खण्ड (घ) बमोजिम प्रथम पटक बोलपत्र आव्हान गर्दा बोलपत्र पर्न नआएमा वा रीत पूर्वकको एउटा पनि बोलपत्र प्राप्त नभएमा वा कबोल अङ्क अनुमानित

महालक्ष्मी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
३ प्रदेश, नेपाल
कमलपोखरी, ललितपुर
२०७३

ठेक्का अङ्क भन्दा कम भएमा पहिलोको म्याद भन्दा कम्तीमा आधा म्याद दिई पुन: सूचना प्रकाशन गरी बोलपत्र आह्वान गर्नु पर्नेछ ।

(झ) खण्ड (ज) बमोजिम दोस्रो पटक सूचना प्रकाशन गर्दा पनि बोलपत्र नपरेमा कम्तीमा सात दिनको म्याद दिई सूचनामा देहायको कुराहरु थप गरी सार्वजनिक बढाबढको सूचना प्रकाशन गर्नु पर्नेछ :-

(१) बढाबढ हुने स्थानीय तह को कार्यालय वा अन्य कुनै स्थान,

(२) बढाबढ हुने समय र मिति,

(३) अन्य आवश्यक कुराहरु ।

(५) उपनियम (४) को खण्ड (ङ) र खण्ड (झ) बमोजिम प्रकाशित सूचना बमोजिम बोलपत्र दिने वा बढाबढ डाँक बोल्ने व्यक्तिले नेपाली नागरिक भए आफूले कबूल गरेको अङ्कको पाँच प्रतिशत र गैर नेपाली नागरिक भए, आफूले कबूल गरेको अङ्कको दश प्रतिशत रकम त्यस्तो सूचना प्रकाशन गर्ने महालक्ष्मी नगरपालिकाको नाममा उक्त सूचनामा तोकिएको बैंङ्कमा जमानत वापत रकम जम्मा गरेको सक्कल भौचर संलग्न राखी वा नेपाल राष्ट्र बैंङ्कबाट मान्यता प्राप्त बैङ्कले जारी गरेको सूचनामा पचहत्तर दिन म्याद भएको विडवण्डको सक्कल प्रति संलग्न राख्नु पर्नेछ ।

तर वढावढ गर्दा पनि महालक्ष्मी नगरपालिकाले तोके बमोजिमको न्यूनतम अङ्क पनि कवोल अङ्क हुन नआएमा महालक्ष्मी नगरपालिकाको सम्बन्धित राजश्व परामर्श समितिको सिफारिसमा आवश्यक प्रकृया अपनाई आन्तरिक आयको व्यवस्था गर्न सकिनेछ।

(६) यस नियमावली बमोजिम जफत हुने अवस्थामा बाहेक उपनियम (५) बमोजिम राखिएको जमानत वापतको रकम सो जमानत राख्ने व्यक्ति वा संस्थाले दिएको बोलपत्र वा बोलेको डाँक अस्वीकृत भएको मितिले तीस दिनभित्र निजलाई फिर्ता गर्नु पर्नेछ ।

तर कुनै ठेक्काको चलान पूर्जी नलिएसम्म वा पट्टा नउठाएसम्म सो ठेक्का कबुल गर्ने मध्ये सो ठेक्का क्रम अनुसार दिन सिफारिस गरिएका जमानत वालाहरुको जमानत महालक्ष्मी नगरपालिकाले फिर्ता नगरी स्थगित राख्न बाधा पर्ने छैन ।

(७) उपनियम (४) अन्तर्गत प्रकाशित सूचनामा बढाबढको लागि तोकिदिएको समय वा मितिभन्दा पछि वा त्यस्तो सूचनामा बढाबढको लागि तोकिदिएको स्थानमा बाहेक अन्य कुनै स्थानमा वा हुलांक, फोन वा आकाश वाणीद्वारा बोलेको कुनै पनि डाँक उपर कुनै कारबाही गरिने छैन ।

**४. ठेक्का स्वीकृत गर्ने :** (१) नियम ३.२ (घ) अन्तरगत प्रकाशित सूचना बमोजिम दाखिला भएको कुनै वा सबै बोलपत्र वा बोलेको कुनै वा सबै डाँक महालक्ष्मी नगरपालिकाले कुनै कारण देखाई वा नदेखाई स्वीकृत वा अस्वीकृत गर्न सक्नेछ ।

(२) रितपूर्वकको बोलपत्र प्राप्त भए पछि सबैभन्दा बढी कवोल गर्नेको बोलपत्र स्वीकृत गर्नु पर्नेछ ।

(३) बमोजिम सार्वजनिक बढावढ गर्दा न्यूनतम अङ्कबाट बढाबढ शुरु गरी सबैभन्दा बढी डाँक कवोल गर्नेवालाको डाँक तत्कालै धरौटी वा वैंङ्क ग्यारेन्टी लिई स्वीकृत गर्नु पर्नेछ ।

(४) यस परिच्छेद बमोजिमको बोलपत्र वा सार्वजनिक बढावढको डाँक स्वीकृत गर्ने अधिकार महालक्ष्मी नगरपालिका का कार्यकारी अधिकृत लाई हुनेछ ।

५. **पट्टा दिने र कबुलियत गराउने** : (१) यस नियमावली बमोजिम आन्तरिक आय उठाउने बोलपत्र वा डाँक स्वीकृत भैसकेपछि ठेक्का बन्दोबस्त गर्ने महालक्ष्मी नगरपालिका का कार्यकारी अधिकृत लेसात दिनभित्र सो कुराको सूचना बोलपत्र वा डाँकवालालाई दिनुपर्नेछ ।

(२) उपनियम (१) बमोजिम सूचना जारी गर्दा बाटाका म्याद बाहेक सात दिनको म्याद दिई सो म्यादभित्र आफ्नो कबूल बमोजिम कबुलियत गर्न नआएमा त्यस पछिको बोलपत्र वा डाँकवालालाई ठेक्का दिइने कुरा स्पष्ट खोली सूचना तामेल गर्नु गराउनु पर्नेछ । यस्तो सूचना जारी गर्दा सूचना पाउनुपर्ने व्यक्ति नभेटिएमा वा सूचना बुझी नलिएमा प्रचलित कानुन बमोजिम बुझाउनु पर्नेछ ।

तर यस्तो सूचना कुनै स्थानीय पत्रपत्रिकामा प्रकाशन गरेमा पनि सम्बन्धित व्यक्तिले सूचना प्राप्त गरेको मानिनेछ ।

(३) उपनियम (१) र (२) बमोजिम जारी भएको सूचनाको म्यादमा सो व्यक्ति हाजिर भई कबुलियत गर्न मञ्जूर गरे ठेक्का बन्दोबस्त गर्नेमहालक्ष्मी नगरपालिका को कार्यकारी अधिकृतले निजबाट तुरुन्त कबुलियत गराई निजलाई पट्टा वा चलन पूर्जी दिनु पर्नेछ । त्यस्तो व्यक्ति हाजिर नभएमा वा आफ्नो कबूल बमोजिम कबुलियत गर्न मञ्जूर नगरेमा निज पछिको दोस्रो, तेस्रो क्रम अनुसार अरु बोलपत्र वा डाँकवालालाई प्राथमिकता दिई उपनियम (२) बमोजिमको सूचना जारी गरी ठेक्का बन्दोबस्त गर्नु पर्नेछ । यसरी ठेक्का बन्दोवस्त गर्दा त्यस्तो रकम महाल क्ष्मी नगरपालिकाले अनुमान गरेको अङ्क भन्दा कम हुने रहेछ भने यस नियमावलीको प्रकृया पुऱ्याई पुनः बोलपत्र आव्हान गर्नुपर्नेछ ।

(४) बोलपत्र वा डाँक स्वीकृत भए पछि त्यस्तो बोलपत्रदाता वा डाँकवालाबाट स्वीकृत ठेक अङ्कको कुल रकमको नेपाल राष्ट्र बैङ्कबाट मान्यता प्राप्त बैंङ्कको कम्तीमा छ महिना म्याद भएको परफरमेन्स वण्ड वा नगदै रकम प्राप्त भएपछि ठेक्का पाउने सबै शर्त खुलाई सम्बन्धित ठेकेदारसँग अनुसूची-१ बमोजिम कबुलियत गराई अनुसूची-२ बमोजिम पट्टा दिनु पर्नेछ ।

(५) बोलपत्र वा डाँक स्वीकृत भएको सूचना प्राप्त भए पछि सो सूचनामा तोकिएको म्यादभित्र बोलपत्र वा डाँकवालाले चलन पूर्जी नलिएमा वा पट्टा नउठाएमा निजले नियम .... को उपनियम ..... बमोजिम राखेको जमानत जफत भई महालक्ष्मी नगरपालिकाको कोषमा दाखिला हुनेछ ।

६. **ठेक्का रकमको किस्ता बुझाउने तरिका :** (१) महालक्ष्मी नगरपालिकाले आन्तरिक आय उठाउने कार्यको ठेक्का बन्दोबस्त गर्दा असूल गर्नु पर्ने किस्ताको अङ्क निर्धारण ठेक्का सम्बन्धी सूचना र बोलपत्रमा उल्लिखित असूली कार्यतालिका र अन्य शर्त बमोजिम हुनेछ ।

तर यसरी कार्यतालिका बनाउँदा राजस्व उठ्ने सम्भाव्यता समय र भुक्तानी गर्ने किस्ताको समय मिलान भएको र किस्ताहरु बीचको समयान्तर चार महिनाभन्दा बढी नभएको हुनु पर्नेछ ।

७. **ठेक्का तोड्ने :** (१) पट्टा कबुलियतको कुनै शर्त बर्खिलाप काम गरेकोमा वा त्यस्तो शर्त बमोजिम गर्नु पर्ने कुनै काम नगरेमा बाहेक यस नियमावली बमोजिम पट्टा कबुलियत भैसकेपछि ठेक्काको अवधि भुक्तानी नहुँदै बीचैमा कुनै ठेक्का तोड्न वा छोड्न हुँदैन ।

(२) कुनै ठेकेदारले महालक्ष्मी नगरपालिकाले तोकेको दरभन्दा बढी दरमा कर असूल गरेमा वा सम्झौतामा उल्लेख नभएका मालवस्तुमा कर, सेवाशुल्क वा दस्तुर असूल गरेमा ।

(३) उपनियम (२) मा उल्लिखित क्रियाकलाप पुनः दोहोरिएमा त्यस्तो ठेकेदारको ठेक्का तोडी धरौटी जफत गरिनेछ यसरी धरौटी जफत गर्दा पनि नयाँ ठेक्का वन्दोवस्त गर्दा साविकको रकम भन्दा कम रकम प्राप्त भएमा र नयाँ ठेक्का वन्दोवस्त गर्दा लागेको रकम असूल उपर नभएमा सरकारी बाँकी सरह असूल उपर गरी निजको नाम कालोसूचीमा राखी नेपाल सरकारको ठेकेदारको लाइसेन्स दिने कार्यालयलाई समेत जानकारी दिइनेछ ।

(४) उपनियम (३) बमोजिम ठेक्का तोडिएकोमा सोही आर्थिक वर्षको बाँकी अवधिको निमित्ते ठेक्का सकार गर्ने कुनै व्यक्ति वा फर्म प्राप्त भएमा साविकको ठेक्काको दर र असूली कार्यतालिका बमोजिम गनिमहशुल असूल गरी ठेक्का दिन सकिनेछ।

(५) उपनियम (३) बमोजिम ठेक्का तोडिएकोमा त्यसबाट महालक्ष्मी नगरपालिकालाई भएको नोक्सानी र महालक्ष्मी नगरपालिकाले ठेकेदारबाट लिनु पर्ने बाँकी भएमा त्यसको दश प्रतिशत सूद समेत सो ठेकेदारले राखेको जमानतबाट असूल नभए निजबाट सरकारी बाँकी सरह असूल उपर गरिनेछ।

तर आफ्नो काबु बाहिरको परिस्थिति परी ठेकेदारले सो ठेक्काको काम गर्न नसकेको रहेछ भने महालक्ष्मी नगरपालिकाको नगर सभाले सो बमोजिम असूल गर्नु पर्ने रकममध्ये महालक्ष्मी नगरपालिकाको राजश्व परामर्श समितिको परामर्श लिई उपयुक्त रकम मिनाहा दिन सक्नेछ।

(६) महालक्ष्मी नगरपालिकाले ठेक्का बन्दोबस्त गरी ठेकेदारलाई दिएको पट्टा वा चलन पूर्जीमा उल्लिखित कुनै शर्तको उल्लंघन गरेमा वा ठेक्काको अवधि भुक्तान हुनुभन्दा अगावै ठेक्का छुटाएमा त्यसबाट ठेकेदारलाई भएको हानी नोक्सानी महालक्ष्मी नगरपालिका को नगर सभा ले पूर्नर विचार गरि नोक्सानी को मूल्याङ्कन गरी व्यहोर्न सक्नेछ ।

८. **बक्यौता रकम असूली सम्बन्धी व्यवस्था :-** (१) महालक्ष्मी नगरपालिकाले विभिन्न कारणवाट असूल हुन नसकी वाँकी रहेको बक्यौता रकम असूल गर्न बक्यौता असूली कार्ययोजना वनाई रकम असूल उपर गर्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम असूल गर्नुपर्ने रकम असूलीको लागि स्थानीय प्रशासन, प्रहरी, नागरिक समाज वा अन्य व्यक्तिको समेत सहयोग लिन सक्नेछ ।

९. यस नियमावलीमा लेखिएको कुरा यसै बमोजिम हुने अन्य को हकमा प्रचलित नेपाल कानुन बमोजिम हुनेछ ।

**नियम ५ संग सम्बन्धित**

**अनुसूची - १**

**कबुलियतको फाराम**

लिखितम.......... को नाती ............ को ............ छोरा ............. बस्ने वर्ष ......... को आगे तपसील बमोजिमको शर्तमा तपसील बमोजिम क्षेत्रमा महालक्ष्मी

नगरपालिकाको रकम ठेक्का बन्दोबस्त गर्ने गरी यस महालक्ष्मी नगरपालिकाबाट आमन्त्रित गरिएको मिति ............ सूचना नं. ............ अनुसार तपाई समेतले दिनु भएको बोलपत्र/बढाबढको व्यहोरा पेश हुदाँ आर्थिक वर्ष.................. को रु. ............ मा ठेक्का दिने गरी तपाईसंग ठेक्का बन्दोबस्त गर्न मिति.................. मा महालक्ष्मी नगरपालिका बाट निर्णय भएको हुदाँ उपर्युक्त निर्णयानुसार तपरीलको शर्त बमोजिमका श्रोतबाट तपसील बमोजिकको क्षेत्रमा महालक्ष्मी नगरपालिकाको तर्फवाट आय संकलन गर्ने ठेक्काको कबुलियत गर्न मन्जूरी भै आउनु भएको हो होइन भनी आज मलाई यस यस ........... महालक्ष्मी नगरपालिकाबाट सोधनी हुदाँ मेरो चित्त वुझ्यो । यसमा तपसीलमा लेखिएको शर्त बमोजिम कामकाज गर्ने गरी कबुलियत गर्न मन्जूरी भै उपस्थित भएको छु । तपसीलमा लेखिए बमोजिमको शर्तमा कुनै घटी बढी नपारी कामकाज गरी तपसीलमा लेखिए बमोजिमको मिति भित्र महालक्ष्मी नगरपालिकालाई ........... किस्ताको रकम/एकमुष्ट रु. .............. बुझाई मिति ............... देखि मिति .................... सम्म .............. आर्थिक वर्षको निमित्त ठेक्का चलाउने छु । पछि मैले कुनै कुरामा उजूर गर्ने छैन, गरे यसै कागजातबाट बदर गरिदिनु भनी मेरो मनोमानी खुसीराजीसंग रकम चलनको कबुलियत लेखी यस महालक्ष्मी नगरपालिकामा चढाएँ ।

## तपसील

(१) तपसीलमा उल्लेख गरिए बमोजिमका क्षेत्र (एरिया) भित्र र शर्तको अधिनमा रही आर्थिक वर्ष ............ को रु. .......... आर्थिक वर्ष ...... को रु. ........... आर्थिक वर्ष ............ को रु. .......... समेत गरी जम्मा रु............ को ठेक्का रकम प्रति किस्ता रु. ............ का दरले जम्मा ........... किस्तामा देहायको म्यादभित्र किस्ता ठेक बुझाउने गरी ............. साल .......... गतेदेखि................. साल तकलाई प्रचलित कानूनको अधीनमा रही .............. महालक्ष्मी नगरपालिकाको आय संकलन गर्नेछु ।

(२) उक्त आय संकलन गर्नका निमित्त महालक्ष्मी नगरपालिकाको क्षेत्र भित्र व्यवसायिक उत्पादन वा निकासी भएको माल सामानहरुको महालक्ष्मी नगरपालिकाबाट यसैसाथ संलग्न सूचीका मालवस्तुमा सोही सूचीमा तोकिएको दरमा कर, सेवा शुल्क वा दस्तुरको रुपमा आय संकलन गरी .............महालक्ष्मी नगरपालिकालाई किस्ता रकम बुझाउनेछु । यसरी आय संकलन गर्दा करदातालाई दिईने भरपाई रसिद यसै महालक्ष्मी नगरपालिका बाट प्रमाणित गराई प्रयोग गर्नेछु ।

(३) सो आय संकलन गर्ने............महालक्ष्मी नगरपालिकाबाट निर्धारण भएको वस्तुमा तोकिदिएको दर बमोजिम बाहेक अन्य कुनै किसिमको कर सेवा शुल्क वा दै-दस्तुर

इत्यादि लगाई लिइने छैन र यस महालक्ष्मी नगरपालिकाबाट प्रमाणित गरिए बाहेकका रसिदहरु प्रयोग गरी आय संकलन गरिने छैन । यदि कुनै त्यस्तो अनधिकृत रकम असूल उपर गरेको वा अनधिकृत रसिद प्रयोग गरेको महालक्ष्मी नगरपालिकाबाट अनुगमन हुदाँ पाईएमा नियमानुसार कारवाही र सजाय मलाई मन्जुर छ ।

मैले यस रकम बापत बुझाउनु पर्ने देहायको पहिलो किस्ता पट्टा कबुलियत भएका दिन आजै बुझाउनु पर्ने रु........... सूचनामा उल्लेख भएको महालक्ष्मी नगरपालिकाको बैंक खातामा जम्मा गरेको नगद बैंक भौचर यसैसाथ संलग्न गरेको छु ।

(४) अन्य किस्ताको हकमा तोकिएको मिति ........... भित्र यस ................. महालक्ष्मी नगरपालिकामा बुझाउँ दै जानेछु ।

(५) यो आय संकलन ठेक्का कबुलियतगरी चलन पूर्जी लिनको लागि कुल ठेक अंक रु. ............ बराबरको नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त वाणिज्य बैंकको मिति ........... सम्म म्याद रहेको परफरमेन्स वण्ड/महालक्ष्मी नगरपालिकाको ........... बैंकमा रहेको खाता नं. ............... मा नगदै दाखिला गरेको बैंक भौचर संलग्न गरेको छु ।

(६) अन्य आवश्यक कुरा केही भएमा ....................

**किस्ताबन्दी :**

............... साल ............ गते देखि ......... साल ...........तक ............ वर्ष ............. महिनाको ......... जम्मा रु. ............... साल ............ तक .......... वर्ष १ को रु. ....... पहिला किस्ता पट्टा कबुलियत भएको आजै .............. बुझाउनु पर्ने रु. ..............

दोश्रो किस्ता ............. साल ........... गते .......... महालक्ष्मी नगरपालिकामा बुझाउने
रु. ............

तेश्रो किस्ता ............. साल ........... गते ..........महालक्ष्मी नगरपालिकामा बुझाउने
रु. ............

ठेकेदार वा निजको वारेस महालक्ष्मी नगरपालिकाको कार्यकारी अधिकृत

दस्तखत : दस्तखत :

महालक्ष्मी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
३ प्रदेश, नेपाल
कमलपोखरी, ललितपुर
२०७३

नाम थर :                नाम थर :

ठेगाना :                  पद :

बाबुको नाम :

बाजेको नाम :

साक्षीको नाम, थर, ठेगाना र दस्तखत : १.

२.

इति सम्वत् ................................ साल.................................. गते रोज .......................................... शुभम्

अनुसूची - २

<u>पट्टाको फाराम</u>

............. महालक्ष्मी नगरपालिकाबाट श्री ................ को नाती ................ श्री ............. को छोरा ............... बस्ने वर्ष .......... को श्री ............................ ले ............ श्रोतबाट तपसील बमोजिमको क्षेत्रमा तपसील बमोजिमको शर्तमा तपसील बमोजिमको दरले आय रकम संकलन गर्न ठेक्का बन्दोबस्त गर्ने गरी यस .......... महालक्ष्मी नगरपालिकाबाट माग गरिए अनुसार तपाई समेतले

महालक्ष्मी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
३ प्रदेश, नेपाल
कमलपोखरी, ललितपुर
२०७३

दिनु भएको बोलपत्र वा बढाबढ वा ......(अन्य व्यवस्था) को व्यहोरा पेश हुदाँ आर्थिक वर्ष ......... को लागि रु.............. अक्षरेपि ........... मा ठेक्का दिने गरी तपाईका साथ ठेक्का बन्दोबस्त गर्ने मिति ........... मा महालक्ष्मी नगरपालिकाबाट निर्णय भएको हुदाँ उपर्युक्त निर्णयानुसार तपसीलको शर्त बमोजिम तपसीलमा लेखिएको आय संकलन गर्न मन्जूरी भै कबुलियत गरी दिनु भएको हुदाँ तपाईको कबुलियत बमोजिम तपसीलमा लेखिएको शर्तमा कति घटी बढी नपारी तपसीलमा लेखिए बमोजिम तपसीलमा तोकिएका मिति भित्र तोकिएको ठाउँ मा चाहिने ................ किस्ताको रुपैया बुझाई मिति ............ देखि मिति .......... सम्मको निमित्त देहाय बमोजिमका श्रोतहरु बाट देहाय बमोजिमको दरमा आन्तरिक आय संकलन गर्ने कार्य गर्नु होला । तपाईले गरी दिनु भएको कबुलियत र यो पट्टाको बर्खिलाप कामकाज गरेको वा देहायमा उल्लेख भएको दरमा फरक पारी कर, सेवाशुल्क वा दस्तुर असूल गरेको ठहरे तपाईसँ ग भएको ठेक्का तोडी तपाईको नाम कालो सूचीमा राखिने र त्यसबाट यस महालक्ष्मी नगरपालिकालाई हुन जाने नोक्सानीको सम्पूर्ण रकम तपाईले राखेको बैंक जमानत वा नगदै दाखिला गरेको रकमबाट असूल उपर गरिने छ । पछि तपाईको कुनै कुरामा उजूर दाबी लाग्ने छैन भनी आजै यस ........... महालक्ष्मी नगरपालिकाबाट ठेक्का चलनको पूर्जी गरी दिइएको छ ।

## तपसील

(१) तपसीलमा उल्लेख गरिए बमोजिमका क्षेत्र (एरिया) भित्र र शर्तको अधिनमा रही आर्थिक वर्ष ............ को रु. .......... आर्थिक वर्ष ...... को रु. ............ आर्थिक वर्ष ............ को रु. .......... समेत गरी जम्मा रु............. को ठेक्का रकम प्रति किस्ता रु. ............ का दरले जम्मा ........... किस्तामा देहायको म्यादभित्र किस्ता ठेक बुझाउने गरी .............. साल .......... गतेदेखि................. साल तकलाई प्रचलित कानूनको अधीनमा रही रकम चलन गर्ने ।

(२) उक्त आय संकलन गर्नका निमित्त महालक्ष्मी नगरपालिकाको क्षेत्र भित्र व्यवसायिक उत्पादन वा निकासी भएको माल सामानहरुको महालक्ष्मी नगरपालिका बाट यसैसाथ संलग्न सूचीका मालवस्तुमा सोही सूचीमा तोकीएको दरमा कर, सेवा शुल्क वा दस्तुरको रुपमा आय संकलन गरी ..............महालक्ष्मी नगरपालिकालाई किस्ता रकम बुझाउने छु । यसरी आय संकलन गर्दा करदातालाई दिईने भरपाई रसिद यसै महालक्ष्मी नगरपालिका बाट प्रमाणित गराई प्रयोग गर्ने ।

महालक्ष्मी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
३ प्रदेश, नेपाल
कमलपोखरी, ललितपुर
२०७३

(३) सो आय संकलन गर्न महालक्ष्मी नगरपालिकाबाट निर्धारण भएको वस्तुमा तोकिएको दर बमोजिम बाहेक अन्य कुनै किसिमको कर सेवा शुल्क वा दै-दस्तुर इत्यादि लगाई लिइने छैन र महालक्ष्मी नगरपालिकाबाट प्रमाणित गरिए बाहेकका रसिदहरु प्रयोग गरी आय संकलन गरिने छैन । यदि कुनै त्यस्तो अनधिकृत रकम असूल उपर गरेको वा अनधिकृत रसिद प्रयोग गरेको कुरा यस महालक्ष्मी नगरपालिकाबाट अनुगमन हुदाँ पाईएमा नियमानुसार कारवाही र सजाय गरिनेछ ।

(४) अन्य किस्ताको हकमा दोश्रो किस्ता रु. ........... मिति .......... भित्र र तेश्रो किस्ता रु.............. मिति.............. भित्र यस ............... महालक्ष्मी नगरपालिकामा बुझाउनु पर्नेछ ।

(५) यसमा निमयानुसार लाग्ने मूल्य अभिबृद्धि कर तपाईकै तर्फबाट आन्तरिक राजश्व कार्यलयमा बुझाउनु पर्नेछ ।

आत्माराम सत्याल
कार्यकारी अधिकृत